गौ.गा.का.पा.बै.सं-१४/२०८१/०८२

आज मिति २०८१/१२/०२ गतेका दिन गौमुखी गाउँपालिका अध्यक्ष श्री विष्णु कुमार गिरीको अध्यक्षतामा गौमुखी गाउँपालिका गाउँ कार्यपालिकाको वैठक बसि तपशिल बमोजिमको उपस्थितिमा विविध विषयमा छलफल गरी निर्णय गरियो ।

उपस्थिति : ८

| | |
|---|---|
| श्री विष्णु कुमार गिरी | अध्यक्ष |
| श्री महाविर राना मगर | उपाध्यक्ष |
| श्री दिल बहादुर थापा | वडाध्यक्ष, वडा नं १ |
| श्री डोर बहादुर राना | वडाध्यक्ष, वडा नं २ |
| श्री जँग बहादुर पुन मगर | वडाध्यक्ष, वडा नं ३ |
| श्री धनिराम सुनार | वडाध्यक्ष, वडा नं ४ |
| श्री बरुणध्वज मल्ल | वडाध्यक्ष, वडा नं ५ |
| श्री चन्द्र बहादुर खत्री | वडाध्यक्ष, वडा नं ६ |
| श्री कोमल पुरी | वडाध्यक्ष, वडा नं ७ |
| श्री निमा सुनार | गाउँ कार्यपालिका सदस्य |
| श्री कमला के.सी. | गाउँ कार्यपालिका सदस्य |
| श्री तेजमला राना मगर | गाउँ कार्यपालिका सदस्य |
| श्री सिता सुनार | गाउँ कार्यपालिका सदस्य |
| श्री बोम बहादुर सुनार | गाउँ कार्यपालिका सदस्य |
| श्री सुमित्रा गौचन थकाली | गाउँ कार्यपालिका सदस्य |
| श्री तुल्सीराम पौडेल | सचिव (प्रमुख प्रशासकीय अधिकृत) |

आमन्त्रित

दुर्गा प्रसाद सुवेदी - प्रशासकिय अधिकृत

प्रेम के. कुवर - लेखापाल

## निर्णयहरु

**निर्णय नं. १ : प्रतिवद्धता सम्बन्धमा ।**

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०८१/११/१५ गतेको स्थानीय पूर्वाधार सहयोग कार्यक्रम सञ्चालनका लागि स्थानीय तह छनौट सम्बन्धी प्रकाशित आशयपत्र बमोजिम जिविकोपार्जनका लागि गौमुखी जलाधार क्षेत्र संरक्षण तथा स्थानीय उत्पादन बजारिकरण एवं भौतिक पूर्वाधार विकास परियोजना छनौट गरिएको र उक्त कार्यक्रम सम्पन्न गर्नको लागि गौमुखी गाउँपालिकाको तर्फबाट गर्नुपर्ने साझेदारी लगानिमा प्रतिबद्ध हुने सर्वसम्मत रुपमा निर्णय गरियो। स्थानीय पूर्वाधार सहयोग कार्यक्रम सञ्चालन कार्यविधि,२०८१ को अधिनमा रहि तपसिल बमोजिमका कार्यहरु गर्न प्रतिवद्धता जाहेर गर्ने निर्णय गरियो।

तपसिल :

क) स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) संगको सहकार्यमा सहभागितामूलक निर्णय प्रक्रिया अवलम्बन गरी स्थानीय पूर्वाधार सम्बन्धी योजना तथा समावेशी बजेटको निर्माण गर्न प्रतिबद्ध छ।

ख) यस स्थानीय तह, स्थानीय पूर्वाधार विकासका लागि नवीनतम र सुधारिएका तरिका, साधन, र विधि अवलम्बन गर्न प्रतिबद्ध छ ।

ग) यस स्थानीय तह, स्थानीय पूर्वाधार सहयोग कार्यक्रम मार्फत प्राप्त हुने सहलगानीलाई समग्र वार्षिक कार्यक्रम तथा बजेटको पूर्वाधार शीर्षकमा समावेश गर्न प्रतिबद्ध छ ।

घ) यस स्थानीय तहले वार्षिक योजना तथा बजेटमा स्थानीय पूर्वाधार सहयोग कार्यक्रम ( LISP) सँगको संहलगानीको हिस्सा विनियोजन गर्न प्रतिबद्ध छ ।

ङ) यस स्थानीय तह पूर्वाधार सेवा प्रवाह एवं मर्मत सम्भार सम्बन्धी कार्यविधि तथा निर्देशिका तयार / परिमार्जन तथा अनुमोदन गर्न प्रतिबद्ध छ ।

च) यस स्थानीय तहमा स्थानीय पूर्वाधार सम्बन्धी विवरण तयार तथा अद्यावधिक गर्ने र सो को जानकारीको आधारमा स्थानीय पूर्वाधार मर्मतसम्भारको योजना र बजेट तर्जुमा गर्न प्रतिबद्ध छ ।

Scanned with CamScanner

निर्णय नं. २ : कर्मचारी पद पुर्ति सम्बन्धमा ।

गौमुखी गाउँपालिकामा विभिन्न कारणबाट खालि भएका देहायका पदहरु सर्वसाधारण जन्ताको राज्यले प्रदान गर्ने सेवामा सर्वोत्म हित कायम गर्दै छिटो छरितो र सेवामा सहज पहुच पुग्ने पक्षलाई केन्द्र विन्दुमा राखेर करार सेवाका माध्यमबाट पदपुर्ति गर्ने सर्वसम्मत रुपमा निर्णय गरियो।

देहायः

| क.सं. | पद | कैफियत |
|---|---|---|
| १ | मेडिकल अधिकृत | |
| २ | ल्याव एसिष्टेन्ट | |
| ३ | कृषि स्नातक | |

निर्णय नं. ३ : अल्लो बिउ वितरण तथा व्यवस्थापन सम्बन्धमा ।

गौमुखी गाउँपालिका अल्लो उत्पादनको दृष्टिकोणले उपयुक्त भुगोल तथा वातावरण रहेको र गाउँपालिकाको विभिन्न वडाहरुमा अल्लोको रेसाबाट कपडा उत्पादन भइरहेको सन्दर्भमा गौमुखी गाउँपालिकाले स्थानीय स्रोत साधन (अल्लो) को प्रयोग गरि स्वरोजगारिको अवसर सिर्जना गर्ने उदेश्यका साथ अल्लो उत्पादनलाई प्राथमिकमा राखि संकलन गरिएको अल्लोको विउको गाउँपालिकाको मूल्य निर्धारण समितिले गरेको सिफारिस बमोजिम प्रति किलो १५० कायम गर्ने र सोहि दररेट बमोजिम संकलित विउको रकम वडा वाटै वितरण गर्ने सर्वसम्मत रुपमा निर्णय गरियो। साथै संकलित अल्लोको विउ वनमा छर्नको लागि सामुदायीक वनका उपभोक्ता समितिहरुलाई कार्यक्रमका माध्यमबाट जिम्मेवार वनाउने निर्णय गरियो। साथै उक्त विउ वनमा छरे वापत पारिश्रमिक स्वरुप प्रति के.जि. रु ७५ रकम उपलब्ध गराउने सर्वसम्मत रुपमा निर्णय गरियो।

तुलसीराम पौडेल
प्र. प्रशासकीय अधिकृत

**निर्णय नं. ४ : शिक्षा समिति सदस्य मनोनयन सम्बन्धमा ।**

गौमुखी गाउँपालिका स्तरिय शिक्षा समितिमा विभिन्न कारणबाट रिक्त रहेको शिक्षा समितिमा देहायबमोजिमका व्यक्तिहरुलाई मनोनित गर्ने सर्वसम्मत रुपमा निर्णय गरियो।

माधव कार्की — सदस्य (वि.व्य.स. अध्यक्षहरु मध्ये बाट मनोनित)

निर्मला एम.सी. - (शिक्षण पेशामा उच्च योगदान गर्ने महिला शिक्षकहरु मध्ये बाट मनोनित)

**निर्णय नं. ५ : आधारभुत स्वास्थ्य केन्द्र भवन निर्माण सम्बन्धमा ।**

गौमुखी गाउँपालिकालाई स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम अन्तर्गतको क्रियाकलाप वडा नं. ५ मा आधारभुत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण भुक्तानी क्रियाकलाप राखिएको तर वडा नं. ५ मा आधारभुत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण भइ सकेकोले उक्त क्रियाकलापमा विनियोजित रकम गौमुखीलाई आवश्यक रहेको र माग गरिएको क्रियाकलाप वडा नं. २ मा आधारभुत स्वास्थ्य सेवा केन्द्र भवन निर्माण भुक्तानी मा थप हुने गरि व्यवस्थापन गर्नको लागि श्री नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय,रामशाहपथ,काठमान्डौंलाई अनुरोध गर्ने सर्वसम्मत रुपमा निर्णय गरियो।

**निर्णय नं. ६ : आर्थिक सहयोग सम्बन्धमा ।**

प्रस्तुत विषयमा गौमुखी गाउँपालिकामा आर्थिक सहयोगको लागि निवेदन पेश भएका देहायका व्यक्तिहरुलाई आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत देहायको कार्यक्रम शिर्षकबाट खर्च हुने गरि आर्थिक सहयोग गर्ने गौमुखी गाउँकार्यपालिकाको मिति २०८१/१२/०३ गतेको निर्णय बमोजिम आर्थिक सहयोग गर्ने सर्वसम्मत रुपमा निर्णय गरियो ।

देहाय :

| क.सं. | व्यक्ति | व्यहोरा | आर्थिक सहयोग रकम | खर्च हुने शिर्षक |
|---|---|---|---|---|
| १ | चन्द्र बहादुर पुन | गौमुखी गाउँपालिका वडा नं. ३ बस्ने चन्द्र बहादुर पुन को श्रीमती लिला सेन पुनको मृत्यु पश्चात उपचार र एम्बन्लेन्स (पोष्टमार्टन) भाडा वापत को रकम | १७०००/- | विपत व्यवस्थापन |
| १४ | समिक्षा सुनार | गौमुखी गाउँपालिका वडा नं. ३ को जनजिवन आवि बाग्लीवाङमा विद्यालयको छट (छानो) बाट लडेर घाइते भएकी राजेन्द्र सुनारकी छोरी कक्षा ७ मा पढ्ने समिक्षा सुनारलाई विपन्न नागरिक उपचार सहायता वापतको रकम | ४०००० | विपत व्यवस्थापन |

तुल्सीराम पाडेल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

**निर्णय नं. ७ : आर्थिक सहयोग सम्बन्धमा ।**

प्रस्तुत विषयमा गौमुखी गाउँपालिकामा आर्थिक सहयोगको लागि निवेदन पेश भएका देहायका संघ तथा संगठनहरुलाई आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम "अन्य संस्था सहायता" शिर्षकबाट खर्च हुने गरि आर्थिक सहयोग गर्ने गौमुखी गाउँकार्यपालिकाको मिति २०८१/११/०३ गतेको निर्णय बमोजिम देहायका संस्थाहरुलाई देहायबमोजिम आर्थिक सहयोग गर्ने सर्वसम्मत रुपमा निर्णय गरियो ।

देहाय :

| क्र.सं. | संस्था | आर्थिक सहयोग रकम | कैफियत |
|---|---|---|---|
| १ | नेपाल शिक्षक संघ | १५०००/- | |
| २ | प्रेस चौतारी नेपाल | १००००/- | |

**निर्णय नं. ८ : माघे संक्रान्ति व्यवस्थापन सम्बन्धमा ।**

प्रस्तुत विषयमा गौमुखी गाउँपालिकाको वडा नं. २ मा माघ १ गतेका दिन माघे संक्रान्ति मेला तथा मन्दिर व्यवस्थापन कार्यक्रम सम्पन्न गर्दा व्यवस्थापन गर्ने क्रममा वडाको सिफारिस बमोजिम अपुग जम्मा रकम रु ५९९००/- (अक्षेरुपी उन्साठि हजार नौ सय मात्र) भुक्तानि माग गर्ने निवेदकलाई गौमुखी गाउँपालिकाको आ.व. २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम "कार्यक्रम खर्च" शिर्षकबाट खर्च हुने गरि आर्थिक सहयोग गर्ने सर्वसम्मत रुपमा निर्णय गरियो ।

सुन्दीराम पौडेल
प्रमुख प्रशासकीय अधिकृत

गौ.गा.का.पा.बै.सं-१५/२०८१/०८२

आज मिति २०८१/१२/१७ गतेका दिन गौमुखी गाउँपालिका अध्यक्ष श्री विष्णु कुमार गिरीको अध्यक्षतामा गौमुखी गाउँपालिका गाउँ कार्यपालिकाको बैठक बसि तपशिल बमोजिमको उपस्थितिमा विविध विषयमा छलफल गरी निर्णय गरियो ।

उपस्थिति :

| | |
|---|---|
| श्री विष्णु कुमार गिरी | अध्यक्ष |
| श्री महाविर राना मगर | उपाध्यक्ष |
| श्री दिल बहादुर थापा | वडाध्यक्ष, वडा नं १ |
| श्री डोर बहादुर राना | वडाध्यक्ष, वडा नं २ |
| श्री जँग बहादुर पुन मगर | वडाध्यक्ष, वडा नं ३ |
| श्री धनिराम सुनार | वडाध्यक्ष, वडा नं ४ |
| श्री बरुणध्वज मल्ल | वडाध्यक्ष, वडा नं ५ |
| श्री चन्द्र बहादुर खत्री | वडाध्यक्ष, वडा नं ६ |
| श्री कोमल पुरी | वडाध्यक्ष, वडा नं ७ |
| श्री निमा सुनार | गाउँ कार्यपालिका सदस्य |
| श्री कमला के.सी. | गाउँ कार्यपालिका सदस्य |
| श्री तेजमला राना मगर | गाउँ कार्यपालिका सदस्य |
| श्री सिता सुनार | गाउँ कार्यपालिका सदस्य |
| श्री बोम बहादुर सुनार | गाउँ कार्यपालिका सदस्य |
| श्री सुमित्रा गौचन थकाली | गाउँ कार्यपालिका सदस्य |
| श्री तुल्सीराम पौडेल | सचिव (प्रमुख प्रशासकीय अधिकृत) |

आमन्त्रित

दुर्गा प्रसाद सुवेदी - प्रशासन तथा योजना

प्रेम बहादुर दुवा - लेखापाल

भगत सिंह वली - कम्प्युटर अपरेटर

**निर्णयहरु :**

**निर्णय नं. १ : गौमुखी गाउँपालिका कृषि उत्पादनहरु विक्रि वितरणको लागि व्यवस्थापन सम्वन्धमा।**

प्यूठान उद्योग बाणिज्य संघ भित्रिकोट बजार ईलाकाले २०८१ पौष ५ देखी १७ गते सम्म टिकुरीमा आयोजना गर्ने महोत्सवमा गौमुखी गाउँपालिकाका कृषि उत्पादनहरु विक्रिवितरण गर्ने व्यवस्थाका लागि आवश्यक समन्वय गर्न कृषि तथा पशु पन्छी शाखालाई जिम्मेवारी दिने सर्वसम्मत रुपमा निर्णय गरियो।

**निर्णय नं. २ : कृषि उपज हाटबजार संचालन सम्बन्धमा ।**

गौमुखी गाउँपालिकामा कृषि क्षेत्रको विकास गर्न तथा गाउँपालिकालाई कृषि क्षेत्रमा आत्मनिर्भर गराउन टेवा पुग्ने अपेक्षाका साथ मिति २०८१ साल पौष १९ गते देखि प्रत्येक महिनाको पहिलो र तेस्रो शुक्रबार ठुलावेसी बजारमा कृषि उपज हाटवजार संचालन गर्ने सर्वसम्मत रुपमा निर्णय गरियो।

**निर्णय नं. ३ : सामाजिक सुरक्षा योजनामा सहभागी गराउने सम्बन्धमा ।**

नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को दफा २ को खण्ड (ज) र दफा ७ ले दिएको अधिकार प्रयोग गरी योगदानमा आधारित सामाजिक सुरक्षा नियमावली, २०७५ को नियम २ को खण्ड (घ) बमोजिमको सरकारी कोष बाट पारिश्रमिक पाउने व्यक्तिहरुलाई सामाजिक सुरक्षा कोषमा योगदानकर्ताको रुपमा सूचिकृत गरी निजहरुले खाईपाई आएको तलबको कम्तिमा साठी प्रतिशतलाई आधारभुत तलब मानी त्यसको विस प्रतिशत रोजगारदाताबाट र एघार प्रतिशत योगदानकर्ताको तर्फबाट जम्मा गर्नु पर्ने गरी सामाजिक सुरक्षा योजनामा सहभागी गराउने भनि श्रम,रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको सूचना बमोजिम गौमुखी गाउँपालिकामा कार्यरत करार कर्मचारीहरुलाई सामाजिक सुरक्षा योजनामा सहभागी गराउने सर्वसम्मत रुपमा निर्णय गरियो।

तुलसीराम पौडेल
व प्रशासकीय अधिकृत